बैठक संख्याः १६०

मितिः२०८२/०९/०६

समयःदिउसोः ११:०० बजे

सिंजा गाउँपालिका नराकोट, जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिम निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | ~~तिर्थ वड~~ [illegible] | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिकासदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिकासदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिकासदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिकासदस्य | मागी वड | | |
| १३ | कार्यपालिकासदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिकासदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

निर्णयहरु

निर्णय नं १ माथि छलफल गर्दा सिंजा गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि श्री विजयी आर.एन.वि जेभी ...मुल ललितपुर वीच ठेक्का नं. SRM/W/NCB/01/079/080 अनुसार Sinja Rural Municipality Administrative Building Construction Works निर्माण कार्य गर्ने गराउने कार्यकालागि मिति २०७९/१२/१३ मा सम्झौता भएकोमा उक्त कन्ट्रकशनले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकी प्रथम पटक मिति २०८१/०६/१७ मा म्याद थप भएकोमा उक्त कन्ट्रक्शनले निर्माण कार्य सम्पन्न गर्न म्याद थप गरिएको समय भित्र काम सम्पन्न गर्न नसकी पुनः दोस्रो पटक मिति २०८२/०३/०९ मा म्याद थप सम्बन्धी निवेदन प्राप्त भई सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (चौधौ शंसोधन सिहत) को नियम १२० क बमोजिम थप आर्थिक दायित्व नहुने गरी मिति २०८२/०८/३० गते सम्म म्याद थप गरिएकोमा निर्माण व्यवसायीले तोकिको म्याद भित्र भवन निर्माणको कुनै पनि कार्य अगाडि नबढाएकोले सार्वजनिक खरिद ऐन २०६४ को दफा ५९ र उक्त नियमावलीको नियम १२० क उपनियम (५) बमोजिम उक्त नर्माण व्यवसायीसंग भएको सम्झौता अन्त्यका लागि प्रकृया अगाडि बढाउने नर्णय गरियो ।

निर्णय नं. २. माथि छलफल गर्दा सिंजा गाउँपालिकाबाट आगामी आ.व. २०८३/०८४ मा संघीय समपुरक अनुदान र वीशेस अनुदानबाट संचालनहुने देहायबमोजिमका आयोजना र कार्यक्रमहरु छनौट गर्ने निर्णय गरियो ।

तपिसल

समपुरक अनुदानबाट संचालनहुने आयोजना तथा कार्यक्रमहरु

- ✓ रानी ज्युला देखि बार्णगंगा सम्म सिंचाइकुलो मर्मत र स्यालेप निर्माण सिंजा गा.पा. १,
- ✓ सिंजा गा.पा. वडा नं. २ को रनुखाना र वडा नं. ३ को कोटेसागु नराकोटमा मोटरेवल बेलिब्रिज पुल नर्माण,
- ✓ केदारनाथ मालिका पर्यटकिय सडक सिंजा गा.पा. ४,
- ✓ एक बगैचा एक सिंचाई पोखरी सिंजा ५ फुङ्ग्र,
- ✓ लेखाली मार्ग निर्माण सिंजा गा.पा ४, ५ र ६,

विशेष अनुदानबाट संचालनहुने आयोजना तथा कार्यक्रमहरु

- ✓ सिंजा गा.पा. वडा नं. १ देखि ६ सम्मका सम्पूर्ण विद्यालयहरुमा अध्यनरत कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरुलाई ल्यापटप व्यवस्थापन कार्यक्रम ।

निर्णय नं. ३ माथि छलफल गर्दा सिंजा गाउँपालिकाले किसान सरलकर्जा कार्यक्रमका लागि प्रकाशन गरेको सूचनाको अवधि भित्र १८ वटामात्र प्रस्तावहरु पेशहुन आयकाले हाल कृषकहरुको थप आवेदन संकलनहुने सम्भावना भएकाले पुनः दोस्रोपटक १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ माथि छलफल गर्दा सिंजा गाउँपालिकाको कार्यपालिकाको बैठकले यस अघी गरेका निर्णयहरुलाई नियमानुसा कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ माथि छलफल गर्दा सिंजा गाउँपालिकाको वडा नं. ३ स्थित भैरव मा.वि. नराकोट र वडा नं. १ स्थित मालिका मा.वि. धापाको घेरवारको लागि आवश्यक बजेट व्यवस्थापनको लागि कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ माथि छलफल गर्दा सिंजा गाउँपालिकाको वडा नं. ३ धिताललिहीको बाँव ज्यूलामा तटबन्धन निर्माणका लागि कर्णाली प्रदेश सरकार उर्जा जलस्रोत तथा सिंचाई विकास मन्त्रालय वीरेन्द्रनगर सुर्खेतमा अनुरोध गर्ने नर्णय गरियो ।

निर्णय नं ७ माथि छलफल गर्दा शिक्षा,यूवा तथा खेलकुद शाखाः शिक्षा सम्बन्धि देहायमा उल्लेखित कार्यविधि र निर्देशिका, २०८२ माथि कार्यपालिकामा दफावार रुपमा व्यापक छलफल गरियो र उक्त कार्यविधि र निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय सर्वसहमत पारित भयो साथै प्रमाणीकरण गर्न गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद ...नाल ज्यू समक्ष पेश गर्ने निर्णय पारित भयो ।

- ✓ सामुदायिक विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
- ✓ आधारभुत तह उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
- ✓ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यविधि, २०८२
- ✓ ट्यूसन तथा शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका, २०८२